# सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ को उपदफा (३) अनुसारको प्रयोजनको लागि भन्सार विभागसँग सम्बन्धित २०७२ वैशाख देखि आषाढसम्मका सूचनाहरु उक्त दफा ५ को उपदफा (४) वमोजिम अद्यावधिक गरी प्रकाशन गरिएको छ ।

**(क) निकायको स्वरुप र प्रकृतिः-** नेपाल सरकारको कार्य सञ्चालनको लागि नेपाल सरकार (कार्य विभाजन) नियमावली २०६९ वमोजिम स्थापित २७ वटा मन्त्रालयहरु मध्ये अर्थ मन्त्रालय अन्तर्गत रही राजस्व प्रशासन क्षेत्रसँग सम्बद्ध कार्य गर्ने विभागीयस्तरको निकायको रुपमा भन्सार विभाग कृयाशिल रहेको छ ।

**(ख) निकायको काम, कर्तव्य र अधिकारः-** भन्सार विभागको काम, कर्तव्य र अधिकार देहाय अनुसार तोकिएका छन् :-

- भन्सार प्रशासनसँग सम्बद्ध विषयहरुमा नीति तर्जुमा गरी अर्थ मन्त्रालयमा सिफारिस गर्ने ।
- नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरे वमोजिमका व्यक्तिहरुले वैंक जमानत, सोही सूचनामा तोकिएवमोजिम मालवस्तुमा महसुल छुट सुविधा अन्तर्गत पैठारी गर्ने सुविधा प्रदान गर्ने ।
- आयात निर्यातलाई व्यवस्थित गरी व्यापार सहजीकरण गर्ने ।
- भन्सार सुधार तथा आधुनिकीकरणका निम्ति योजना तथा कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्ने गराउने, इन्टेलिजेन्स तथा जोखिम व्यवस्थापन मार्फत राजस्व परिचालनलाई सुरक्षित बनाउने, अवैध व्यापार नियन्त्रण गर्ने ।
- निषेधित एवम् प्रतिबन्धित मालवस्तु ओसारपसार निगरानी गरी समाजलाई सुरक्षित बनाउने ।
- मातहतका कार्यालयहरुको नियमित अनुगमन गरी सेवाप्रवाहलाई प्रभावकारी बनाउने ।
- कर्मचारीहरुको मनोबल अभिवृद्धि एवम् सदाचार पद्धतिको विकासमा ध्यान दिने ।
- विद्यमान ऐन कानून अनुरुप समूचित राजस्व सङ्कलन गर्ने ।
- वण्डेड वेयरहाउसको सुविधा प्रदान तथा नविकरण गर्ने ।
- भन्सार एजेन्टको इजाजतपत्र प्रदान तथा नविकरण गर्ने ।

- भन्सार राजस्व लक्ष्य अनुसार संकलन गर्ने ।
- भन्सार कार्यालयहरुमा आवश्यक वजेट उपलब्ध गराउने ।
- बढुवा नयाँ भर्ना बाहेक जनशक्ति व्यवस्थापन गर्ने ।
- स्वेदशी तालिममा मनोनयन गर्ने, विदेशी तालिम मनोनयनको लागि सिफारिस गर्ने ।
- जिन्सी निरीक्षण र व्यवस्थापन गर्ने ।
- विभाग तथा कार्यालयहरुको वजेट तर्जुमा, निकासा र वाँडफाँड गर्ने ।
- वजेट खर्च तथा अनुगमन गर्ने ।
- केन्द्रीय हिसाव राख्न आर्थिक विवरण तयार गर्न र म.ले.प. गराउने ।
- वेरुजु फछ्र्यौट गर्ने गराउने ।
- स्थानीय भन्सार कार्यालयको नियमित निरीक्षण गर्ने ।
- भन्सार एजेन्टको नियुक्ति तथा अनुगमन गर्ने ।
- विश्व भन्सार संगठन सित आवश्यक सूचना प्रवाह गर्ने ।
- वैंक ग्यारेन्टीको अनुगमन गर्ने ।
- भारतीय अन्तःशुल्क फिर्ताको कारवाही गर्ने ।
- कारोवार मुल्यको अनुगमन गर्ने र कार्यालयलाई मूल्यांकनको तथ्यांक उपलब्ध गराउने ।
- स्थानीय भन्सार नाकाहरुवाट निर्धारण गरेका कारोवार मूल्यको विश्लेषण गर्ने ।
- मूल्यांकन सम्बन्धी पुनरावलोकन गर्ने ।
- छनौटको आधारमा Post Clearance Audit गराउने ।
- भन्सार सूचना प्रणाली (ASYCUDA) विस्तार कार्यान्वयन र अनुगमन गर्ने ।
- भन्सार प्रशासनलाई यान्त्रिकरण तथा आधुनिकीकरण गर्ने योजना वनाउने ।
- विद्युतीय संचार प्रणाली प्रभावकारी रुपमा विकास गराउने ।
- राजस्वको दैनिक, मासिक तथा वार्षिक असूली अभिलेख अद्यावधिक गर्ने, तथ्यांक प्रशोधन तथा विश्लेषण गर्ने ।
- वार्षिक रुपमा वैदेशिक व्यापारको वस्तुगत तथ्यांक तयार गर्ने ।
- द्बिविधा परेका वस्तुहरुको राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परामर्शवाट वर्गीकरणको टुंगो लगाउने ।
- भन्सार दरवन्दी संशोधनको प्रारम्भिक प्रस्ताव तयार गर्ने र निर्णय भएपछि दरवन्दी पुस्तिका प्रकाशित गर्ने ।

- कानून वमोजिम भन्सार महसुल छुट दिने ।
- भन्सार कार्यालयहरु निरीक्षण तथा अनुगमन गरी सुधारका निम्ती कार्ययोजना वनाई लागू गर्ने ।
- विभिन्न किसिमको रासायनिक पदार्थ र अन्य वस्तुहरुको नमूना परीक्षण गरी वर्गीकरणको निर्णय गर्ने ।

**(ग) निकायमा रहने कर्मचारी संख्या र कार्यविवरणः-**

**कर्मचारी संख्याः**

- रा.प. प्रथम श्रेणी (प्रशासन) पद संख्या ३
- रा.प. द्वितीय श्रेणी (राजस्व) पद संख्या ६
- रा.प. द्वितीय श्रेणी (प्रशासन) पद संख्या १
- रा.प. द्वितीय श्रेणी (लेखा) पद संख्या १
- रा.प. द्वितीय श्रेणी (केमिष्ट्री) पद संख्या १
- रा.प. द्वितीय श्रेणी (आर्थिक योजना तथा तथ्यांक) पद संख्या १
- रा.प. द्वितीय श्रेणी (विविध) पद संख्या २
- रा.प. तृतीय श्रेणी (राजस्व) पद संख्या २१
- रा.प. तृतीय श्रेणी (सा.प्र.) पद संख्या २
- रा.प. तृतीय श्रेणी (विविध) पद संख्या ११
- रा.प. तृतीय श्रेणी (इन्जि कम्प्यू) पद संख्या ३
- रा.प. तृतीय श्रेणी (लेखा) पद संख्या १
- रा.प. तृतीय श्रेणी (आर्थिक योजना तथा तथ्यांक) पद संख्या २
- रा.प. तृतीय श्रेणी (कानून) पद संख्या १
- रा.प. तृतीय श्रेणी (केमिष्ट) पद संख्या ३
- माइक्रोबायोलोजिष्ट (सेवा करार) पद संख्या १
- रा.प.अ. प्रथम श्रेणी (राजस्व) पद संख्या २८
- रा.प.अ. प्रथम श्रेणी (लेखा) पद संख्या २
- रा.प.अ. प्रथम श्रेणी (विविध) पद संख्या २

- रा.प.अ. प्रथम श्रेणी (केमिष्ट्री) पद संख्या २
- रा.प.अ. प्रथम श्रेणी (सा.प्र.) पद संख्या १
- रा.प.अ. प्रथम श्रेणी (सा.प्र.) टाइपिष्ट पद संख्या ४
- रा.प.अ. प्रथम श्रेणी (आर्थिक योजना तथा तथ्यांक) भ.स.नि. पद संख्या १
- रा.प.अ. द्बितीय श्रेणी (इलेक्ट्रिसियन) पद संख्या १
- रा.प.अ. द्बितीय श्रेणी (अ.ल्या.टे.) पद संख्या १
- हलुका सवारी चालक पद संख्या १०
- ल्याब ब्याई (सेवा करार) पद संख्या १
- कार्यालय सहयोगी पद संख्या २०
- स्वीपर पद संख्या २

**कूल जम्मा १३५**

**(ङ) सम्पादन गरेको कामको विवरणः-**

- ASYCUDA WORLD कार्यान्वयनका लागि UNCTAD ले तयार पारेको INCEPTION REPORT मा FEEDBACK पठाइएको ।
- ASYCUDA WORLD को PROTOTYPE DEVELOPMENT का लागि प्रारुप तयार पारिएको ।
- ASYCUDA WORLD PROTOTYPE DEVELOPMENT सम्बन्धी WORKSHOP ADB को सकृयतामा विराटनगरमा आयोजना गरिएको ।
- विभागमा DATA CENTRE स्थापनाका लागि वोलपत्र आव्हान गरिएको ।
- आयातकर्ता/निर्यातकर्ता संकेत नम्बर GENERATE गर्ने SOFTWARE DEVELOPMENT का लागि आवश्यक पर्ने फर्मको छनौट गरी सम्झौताको क्रममा रहेको ।
- NEPAL NATIONAL SINGLE WINDOW र NEPAL TRADE INFORMATION PORTAL प्रणाली विकास र कार्यान्वयनका लागि QUALITY ASSURANCE ADVISORY (QAA) SERVICE लिनका लागि अन्तर्राष्ट्रिय परामर्शदाता SGS लाई छनौट गरी कार्यादेश दिइएको ।
- Exporter/Importer (IE) Code विकास गर्नका लागि वोलपत्र स्वीकृत भई सम्झौता हुने क्रममा रहेको ।
- राहत सामाग्री भन्सार जाँचपास सहजिकरण सम्बन्धी कार्यविधिको मस्यौदा सहित अध्ययन गरी प्रतिवेदन पेश गरिएको ।
- सो प्रतिवेदनको अंग्रेजी अनुवाद गरी नेपाली र अंग्रेजी प्रति अर्थ मन्त्रालय WCO, ADB तथा अन्य सरोकारवाला निकायहरुमा सुझावका लागि पठाईएको ।
- प्रतिवेदनले सिफारिस गरेका भन्सार ऐन मा समावेश गर्नुपर्ने विषयहरु आर्थिक विद्येक, २०७२ मा समावेश गरिएको ।
- भन्सार प्रशासनलाई पारदर्शी तुल्याउन तथा अनुगमन पद्धतिको प्रभावकारिताका लागि ५ वटा भन्सार कार्यालयमा IP Camera जडान गर्ने कार्य अघि बढेको ।
- सेवाग्राहीलाई एकिकृत भन्सार महशुलवारे सहज ढंगले सूचना प्रदान गर्नका लागि Mobile Application र SMS Gateway निर्माण गर्नका लागि सम्झौता सम्पन्न भएको ।
- व्यापार सहजीकरण समितिको १ वटा वैठक र Time Release Study Implementation को लागि Stakeholders Consultation Meeting सम्पन्न ।
- TRS Working Group को TOR र TRS Procedure को मस्यौदा तयार गरिएको ।
- भन्सार एजेन्ट र वण्डेड वेयर हाउसको इजाजतपत्र नविकरणलाई Online मार्फत निवेदन लिने कार्यको थालनी गरी राष्ट्रियस्तरको पत्रिकामा सार्वजनिक सूचना जारी गरिएको ।
- भन्सार कार्यालयहरुवाट सम्पन्न गरिने काम कारवाहीहरुलाई कार्यमूलक (Functional) वनाउने गरी स्वीकृति प्राप्त भएको ।
- राहत सामाग्रीहरुको छिटो छरितो तरीकाले सरल प्रक्रिया अपनाई जाँचपास गर्ने सम्बन्धमा प्रक्रिया तोकिएको, Online घोषणा फाराम तयार गरिएको ।

- कार्य सम्पादनमा आधारित प्रोत्साहन प्रणालीका परिसूचकहरुलाई कार्यालयहरुले Online reporting गर्न सकिने व्यवस्था मिलाईएको ।
- आर्थिक ऐन, २०७१ को दफा १८ बमोजिम पटके रुपमा विभिन्न वस्तुहरुमा दिइएको महसुल छुटको विवरण अभिलेखबद्ध गरिएको ।
- भन्सार विभागवाट प्रकाशन हुने परिपत्रहरुको संग्रह र वर्गीकरण संग्रह प्रकाशन गरिएको ।
- अर्थ मन्त्रालयवाट स्वीकृत विभिन्न आयोजनाहरुको माष्टर लिष्ट अनुसार दिइएको छुटको विवरण अद्यावधिक गरिरहेको ।
- भन्सार नाका परिवर्तनको लागि ३०१ वटा कारोवारहरुलाई स्वीकृती प्रदान गरिएको ।
- बस्तु वर्गीकरणको लागि विभिन्न भन्सार कार्यालयहरुवाट अनुरोध भई आएको ९ वटा वस्तुहरुको वर्गीकरण गरिएको ।
- भन्सार ऐन २०६४ को दफा ९ वमोजिम २७१ वटा consignment हरुमा कुटनैतिक सुविधा प्रदान गरिएको ।
- भन्सार ऐन २०६४ को दफा ९ वमोजिम ४८७ वटा consignment हरुमा महसुल सुविधा प्रदान गरिएको ।
- भन्सार ऐन २०६४ को दफा ९ वमोजिम विभिन्न आयोजनाहरुको ८५ वटा consignment का लागि छुट सुविधा प्रदान गरिएको ।
- ३ वटा उद्योगहरुलाई वण्डेड वेयर हाउस सुविधाको लागि नयाँ इजाजतपत्र प्रदान गरिएको ।
- ८१ वटा उद्योगहरुको वण्डेड वेयर हाउस सुविधाको लागि इजाजतपत्र नविकरण गरिएको ।
- ७९ वटा भन्सार एजेन्ट इजाजतपत्र नविकरण गरिएको ।
- अख्तियार दुरुपयोग अनुसन्धान आयोग, राष्ट्रिय सतर्कता केन्द्र, Hot line, Hello सरकार विगुल लगायत विभिन्न निकायमा परेका १६ वटा उजुरीहरुको फछर्यौट गरिएको ।
- यस अवधि भित्र रु. २९,९०,८०,०००।- वेरुजु फछर्यौट गरिएको ।
- WAN अन्तर्गत प्रत्यक्ष अनुगमनवाट देखिएका कैफियतहरुको सच्याउन लगाएको कारणवाट थप प्राप्त राजस्व रु. १,२९,०७,९६५।-
- प्रयोगशाला शाखावाट विभिन्न प्रकारका ६६३ वस्तुहरुको प्रयोगशाला परीक्षण गरिएको ।
- विभिन्न माध्यम (सेवाग्राही स्वयं उपस्थिति, टलिफोन सम्पर्क र ईमेल) वाट जम्मा २३०० जना सेवाग्राहीले सोधिएका मुख्य मुख्य प्रश्नहरुको जवाफ प्रदान गरिएको ।
- विभाग परिसरमा डीप वोरिङ गर्ने कार्य सम्पन्न भएको ।

- विभाग र अन्तरगतका कार्यालयको संक्षिप्त O & M गर्न स्वीकृत प्राप्त भई समिति गठन गरिएको ।
- १ थान सवारी साधन लिलाम गरी पुनः सवारी साधन लिलामको सूचना निकालिएको ।
- पत्रपत्रिकामा प्रकाशित समाचारहरु मध्ये भन्सार कार्यालयसँग सम्बन्धित २० वटा समाचारका विषयमा राय प्रतिकृया माग गरिएको ।
- भुकम्प पिडितको राहत, पुनर्स्थापना लगायतका कार्यको लागि माग भई आए वमोजिम कर्मचारीहरुलाई खटाईएको ।
- मिति २०७२ वैशाख ३ र ४ गते भन्सार विभागको सभाहलमा सञ्चालित मूल्यांकन गोष्ठी सम्पन्न ।
- विराटनगर भन्सारमा पशुपतिनगर भन्सार कार्यालय देखि जलेश्वर भन्सार कार्यालयसम्म ८ वटा भन्सार कार्यालयहरुको सहभागितामा आ. व. २०७२/०७३ को कार्यक्रम तथा वजेट पूर्व तयारी गोष्ठी सम्पन्न ।
- भुकम्पवाट क्षतिग्रस्त विभागको पुरानो भवनको लिलामी प्रकृया पुरा गरी भवन भत्काई, पुरानो मालवस्तु लिलाम गरिएको ।
- तातोपानी भन्सार कार्यालयको यार्डमा रहेका केही कन्टेनरहरुको जाँचपास गर्न तत्कालका लागि त्रि. वि. स्थल भन्सार कार्यालयवाट गर्ने व्यवस्था मिलाईएको ।
- आ. व. २०७२/०७३ को पूँजीगततर्फ वजेट तथा कार्यक्रम तर्जुमा गरी प्रस्तुत गरिएको ।
- भुकम्पको कारणले विभागको पुरानो भवन भत्कीएको कारण प्रयोगशाला शाखा र सेवाग्राही सेवा कक्ष सञ्चालनको लागि Space Manage गरियो ।
- भन्सार उपसमितिको प्रतिवेदन तयार गरी राजस्व परामर्श समिति समक्ष प्रस्तुत गरिएको ।
- भन्सार समाचार वर्ष ७ अंक २ प्रकाशन तथा वितरण गरिएको ।
- आ. व. २०७१/०७२ को वार्षिक प्रगति प्रतिवेदन र प्रगति स्थिति सम्बन्धमा अर्धवार्षिक मूल्यांकन गोष्ठी गरिएको ।
- MRP तथा PCA सम्बन्धी अन्तरक्रियात्मक कार्यक्रम सम्पन्न गरिएको ।
- टाटा सुमो जिपहरुको सिटहरुमा एकरुपता कायम गर्नका लागि सवै भन्सार कार्यालयलाई लेखी पठाएको ।
- भन्सार एजेन्ट, वण्डेड वेयर हाउस र जी. एस.पी. सम्बन्धी अन्तरक्रिया कार्यक्रम मिति २०७२/०३/२२ र २३ गते सम्पन्न गरिएको ।
- संशोधित क्योटो अभिसन्धी (Revised Kyoto Convention) सम्बन्धमा सरोकारवालाहरु वीच अभिमुखीकरण गोष्ठी सम्पन्न भएको ।

**(च) सूचना अधिकारीको नाम र पदः- सूर्यप्रसाद सेडाईं, निर्देशक**

**(छ) ऐन, नियम, विनियम र निर्देशिकाहरुको सूचीः-**

**ऐनहरुको सूचीः**

- भन्सार ऐन, २०६४
- सालवसाली आर्थिक ऐनहरु
- विदेशी विनिमय नियमित गर्ने ऐन, २०१९
- सार्वजनिक खरिद ऐन, २०६३
- करार ऐन, २०५६
- निकासी पैठारी नियन्त्रण ऐन, २०१३
- राजस्व चुहावट नियन्त्रण ऐन, २०५२
- मू.अ.कर ऐन, २०५२
- अन्तःशुल्क ऐन, २०५८
- वातावरण संरक्षण ऐन, २०५३

**नियमहरुको सूचीः**

- भन्सार नियमावली, २०६४
- विदेशी विनिमय नियमहरु, २०२०
- सार्वजनिक खरिद नियमावली, २०६४
- निकासी पैठारी नियमहरु २०३४
- राजस्व चुहावट (अनुगमन तथा नियन्त्रण) नियमावली २०७०
- मू.अ.कर नियमावली २०५३
- अन्तःशुल्क नियमावली २०५९

**विनियम, निर्देशिका वा आदेशहरुको सूचीः**

- जाँचपास पछिको परीक्षण कार्यविधि २०६६
- न्यून विजकीकरणको सामान खरिद गर्ने निर्देशिका, २०६६
- कर्मचारी सरुवा निर्देशिका २०७१
- भन्सार मूल्यांकन निर्देशिका २०६८

- भन्सार कार्यविधि, २०६७
- भन्सार कार्यालयवाट जाँचपास भएका मालवस्तुहरु सीलबन्दी कन्टेनरवाट ढुवानी गर्ने र ढुवानी साधन पैठारी गर्न प्रकृया सम्बन्धी कार्यविधि, २०७१
- नीजि गुण्टा झिटी भारी सम्बन्धी सूचना २०७१
- निकासी पैठारी सम्बन्धी वाणिज्य तथा आपूर्ति मन्त्रालयको नेपाल राजपत्रमा मिति २०६६/०७/१६ मा प्रकाशित सूचना ।
- भन्सार विभागको प्रयोगशालाको संक्षिप्त कार्यविधि - २०७१
- UN Convention against Tariff in Narcotic Drugs and Psychotropic substances, 1998.
- Single Convention on Narcotics Drugs, 1961
- Convention on International Trade in Endangered Species of Wild Fauna and Flora (CITES)
- WCO GATT Valuation Guidelines
- WCC SAFE Framework Guidelines
- WCC PCA Guidelines Volume I
- WCC PCA Guidelines Volume II
- WCO HS Classification and Nomenclature
- परिपत्र संग्रह

**(ज) आम्दानी खर्च तथा आर्थिक कारोवार सम्बन्धी अद्‌यावधिक विवरणः-**

| | **निकासा** | **खर्च** |
|---|---|---|
| वैशाख देखि आषाढ महिनासम्म चालु तर्फ | रु.२,२६,२५,१४९।०० | रु.२,२६,२५,१४९।०० |
| वैशाख देखि आषाढ महिनासम्म पुंजीगत तर्फ | रु. १०,८७,१३,८१५।०० | रु. १०,८७,१३,८१५।०० |

**वैशाख देखि आषाढ महिनासम्म कूल राजस्व आम्दानी रु. ४२,८१,९०,८९,०००।००**

(विभाग अन्तर्गत कार्यालयहरुको अभिलेख अनुसार)